**मा. खडक राज पौडेल 'गनेस'**
**मन्त्री**
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

नेपाल सरकार

सिंहदरबार, काठमाडौं, नेपाल।
फोन नं.: +९७७-१-४२११८७९

पत्र संख्याः
चलानी नं.

## शुभकामना सन्देश

प्राकृतिक सौन्दर्य, भौगोलिक विविधता, समृद्ध संस्कृति र अतिथिसत्कार नेपालको मौलिक पहिचान हुन्। यी विशेषताका कारण नेपाल विश्व पर्यटनको एक विशिष्ट गन्तव्यका रूपमा स्थापित छ। पर्यटन क्षेत्रलाई थप प्रतिस्पर्धी, दिगो र अर्थतन्त्रको प्रमुख आधारका रूपमा विकास गर्न नवप्रवर्तन र प्रविधिको सदुपयोग आवश्यक छ।

४७औं विश्व पर्यटन दिवसका अवसरमा नेपाल सरकार तथा मेरो व्यक्तिगत तर्फबाट नेपाल लगायत विश्वभरका सम्पूर्ण पर्यटनप्रेमी, पर्यटन व्यंवसायी तथा पर्यटन क्षेत्रसँग आबद्ध सरोकारवालाहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

यस वर्ष संयुक्त राष्ट्रसंघीय पर्यटन संस्थाले तय गरेको **"Digital Agenda and Artificial Intelligence to Redesign Tourism"** भन्ने मूल नाराले पर्यटनको बदलिंदो स्वरूपमा डिजिटल प्रविधि र कृत्रिम बौद्धिकताको महत्वलाई उजागर गरेको छ। नेपालले पनि आफ्ना मौलिक सम्पदा र आतिथ्यलाई संरक्षण गर्दै डिजिटल प्रविधि र AI को उपयोगमार्फत पर्यटन प्रवर्द्धन, पर्यटक सेवा, सुरक्षा र अनुभवलाई थप प्रभावकारी बनाउन आवश्यक छ।

हाले भोटेकोशी—त्रिशूली क्षेत्रमा भएको विपद्प्रति सरकार गहिरो दुःख व्यक्त गर्दछ। प्रभावित क्षेत्रको पुनरुत्थानसँगै देशका अन्य पर्यटकीय गन्तव्यमा पर्यटन गतिविधि निरन्तर सञ्चालनमा छन्। सरकार, नेपाल पर्यटन बोर्ड र निजी क्षेत्रले पर्यटकलाई सही सूचना, सुरक्षित यात्रा र विश्वासको वातावरण सुनिश्चित गर्न सहकार्य गरिरहेका छन्।

यसै सन्दर्भमा **"Nepal is not closed"** भन्ने सन्देशसहित ***Nepal Calling*** अभियानमार्फत नेपालका अधिकांश पर्यटकीय गन्तव्य सञ्चालनमा रहेको जानकारी अन्तर्राष्ट्रिय समुदायमा प्रवाह भइरहेको छ। पर्यटकहरूले आधिकारिक सूचना प्राप्त गरी आवश्यक सावधानी अपनाउँदै सुरक्षित तथा सञ्चालनमा रहेका गन्तव्यमा आफ्नो यात्रा निरन्तर राख्न अनुरोध गर्दछु।

नेपालको पर्यटनको आधुनिक रूपान्तरण सरकारको एक्लो प्रयासबाट सम्भव छैन। प्रविधि र नवप्रवर्तनको सदुपयोग गर्दै नेपालको पर्यटनलाई सुरक्षित, दिगो, पर्यावरणमैत्री र विश्वस्तरीय गन्तव्यका रूपमा विकास गर्न हामी सबै एकजुट भएर अघि बढौं। पुनः ४७औं विश्व पर्यटन दिवसका अवसरमा सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

असोज ११, २०८३ (सेप्टेम्बर २७, २०२६)

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाण्डौ

खडक राज पौडेल 'गनेस'
मन्त्री